**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०१ नोभेम्बर २०२३

समयः १८:५० – १६:०० बजे

**<u>प्रमुख समाचार</u>**

1. केन्द्रीय युवा कार्यक्रम अनि खेल मंत्री डॉ मनसुख मांडवियाले युवाहरुसित प्रतिष्ठित राष्ट्रीय युवा पुरस्कार 2022-23 को लागि आवेदन गर्ने आहवान गर्नुभएको छ।
2. प्रधानमंत्रीको आर्थिक सलाहकार परिषद का अध्यक्ष अनि विख्यात अर्थशास्त्री डॉ. बिबेक देब राय को आज बिहान निधन भएको छ।
3. कलकत्ता विश्वविद्यालय मा बांग्ला विभाग को स्नातकोत्तर छात्रहरुका उत्तरपुस्तिकाहरु हराएको मामला अघि आएको छ।
4. नेपालबाट भारत आउने चिया पतिको पनि मानक जाँच हुनुपर्ने मांग गर्दै दार्जीलिङ्ग चिया संगठनले केन्द्रिय वाणिज्य मंत्री पीयुष गोयललाई प= लेखेको छ।
5. दार्जीलिङ्ग पार्वतीय क्षेत्रका लगभग सभै ठाउँहरुमा लक्ष्मी पूजन पछि हिज घर-घरमा बालिकाहरूले भैलीनी खेल्दै घर परिवारलाई आर्शीवाद दिन्दै धन- समृद्धि एवं सुःख शान्तिको कामना गरे।

**<u>मांडविया - युवा पुरस्कार</u>**

केन्द्रीय युवा कार्यक्रम अनि खेल मंत्री डॉ मनसुख मांडवियाले युवाहरुसित प्रतिष्ठित राष्ट्रीय युवा पुरस्कार 2022-23 को लागि आवेदन गर्ने आहवान गर्नुभएको छ। यो पुरस्कार 15 देखि 29 वर्ष आयु का व्यक्ति एवं संगठनहरुलाई विकास अनि समाज सेवा को विभिन्न क्षेत्रहरुमा उत्कृष्ट कार्य तथा योगदान को लागि दिइन्छ। यी क्षेत्रहरुमा स्वास्थ्य, मानवाधिकार प्रोत्साहन, सक्रिय नागरिकता अनि समुदाय सेवा शामेल छन्। पुरस्कार को रूप मा व्यक्तिलाई पदक, प्रमाण-पत्र अनि एक लाख रूपियाँ नकद तथा संगठन को मामला मा तीन लाख रूपियाँ नकद दिइन्छ। वीडियो संदेश मा डॉ मनसुख मांडवियाले यो पुरस्कार केवल अंलकरण मात्र नभएर, प्रगतिशील अनि समावेशी भारतलाई सशक्त बनाउन मा युवा नेतृत्व को सम्मान रहेको बताउनुभयो। 2022-23 को राष्ट्रीय युवा पुरस्कारहरुका लागि आवेदन गृह मंत्रालय को पुरस्कार पोर्टल को माध्याम बाट आमंत्रित गरिएको हो। आज देखि यस महिना को 15 तारीख, अथार्त १५ नोभेम्बर सम्म आवेदन गर्न सकिन्छ।

****** ० ******

**<u>देबरॉय - निधन</u>**

प्रधानमंत्री को आर्थिक सलाहकार परिषद का अध्यक्ष डॉक्टर बिबेक देबरॉय को आज बिहान नयाँ दिल्ली को अखिल भारतीय आयुर्विज्ञान संस्थान मा निधन भएको छ। उहाँ 69 वर्ष को हुनुहुन्थ्यो। उहाँलाई हिज राती अस्पताल मा भर्ती गराइएको थियो। डॉक्टर देबरॉय एक अर्थशास्त्री हुनुहुन्थ्यो अनि उहाँले विभिन्न पदहरुमा कार्य गर्नुभएको थियो। प्रधानमंत्री नरेंद्र मोदीले डॉक्टर बिबेक देबरॉय को निधन मा दुःख व्यक्त गर्नुभएको छ। सोशल मीडिया पोस्ट मा आज श्री मोदी ले डॉक्टर देबरॉय एक महान अर्थशास्त्री, इतिहासकार, तथा संस्कृति, राजनीति, आध्यात्मिकता अनि अन्य विविध क्षेत्रको विद्वान रहेको बताउनु भयो। आसमको मुख्यमंत्री हेमन्त विश्व सर्मा अनि अरुणाचल प्रदेशको मुख्यमंत्री पेमा खाण्डुले पनि डा. विवेक देबराँयको निधनमा शोक व्यक्त गरेका छन्।

****** ० ******

**<u>कलकत्ता विश्वविद्यालय</u>**

कलकत्ता विश्वविद्यालय मा बांग्ला विभाग को स्नातकोत्तर छात्रहरुका उत्तरपुस्तिकाहरु हराएको मामला अघि आएको छ। विश्वविद्यालय का एक अधिकारी अनुसार, लगभग 1 सय 20 छात्रका उत्तरपुस्तिका बेपत्ता भएको छ। विश्वविद्यालय का एक अधिकारीले बताए अनुसार परीक्षकहरुको लापरवाहीको कारण यस्तो भएको हो, जसकारण छात्रहरुको परीक्षा परीणाम माथि प्रश्न चिन्ह खड़ा भएको छ। विश्वविद्यालय सूत्र अनुसार, बांग्ला स्नातकोत्तर पाठ्यक्रम कुल 19 महाविध्यालय मा पढ़ाइन्छ।

****** ० ******

**जीटिए दीवाली**

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन इलाका तथा सिलीगुड़ी अनि तराई डुर्वसमा हिजो धुमधाम सित दीपावली तथा लक्ष्मी पूजा पालन गरियो। भगवान श्री राम 14 वर्षको वनवास पछि हिजो कै तिथिमा अयोध्या आएका थिए। राक्षसी प्रवृतिको अन्त गरी साथै सबै मर्यादाहरूको अक्षरसह पालन गर्दै श्री राम फर्केको खुशियाली मानिसहरूको स्वतः दीप जलाई, घर आगन फूल -माला-रंगोली आदिले सजाई रत्यस ताका आतिशवाजी गर्दै भगवान श्री रामको भव्य स्वागत गरेका थिए। भगवान श्री राम तथा समस्त नेपाली गोरखा समुदाय बीचको संबध प्राचीनकाल देखि अटुट रहेको छ। दार्जीलिङ पहाड़का शहर , गाउँ, चिया बगान सबैतिर मानिसहरूले घराआंगन झिलीमिली पारेका थिए। हिजो राि्त पाहाड़का प्रायःले लक्ष्मी पूजन गरे। लक्ष्मी पूजन पछि घर-घरमा बालिकाहरूले भैलीनी खेल्दै घर परिवारलाई आर्शीवाद दिन्दै वर्षभरी धन- समृद्धि , सुःख शान्तिको कामना गरे। मानिसहरूले पटेका पड़काएर दीपावलीको खुशी व्यक्त गरे। हिजो दार्जीलिङ , मिरिक खरसांग , कालेबुङ र सिलीगुड़ीमा मिठाई दोकान र अन्य दोकानहरूमा मानिसहरूको निकै चहल पहल देखियो। दार्जीलिङ पहाड़मा पर्यटकहरूको पनि हिजो निकै चहल पहल देखियो।

****** ० ******

**भाई टिका**

दिदी बहिनी तथा दाज्यू भाई बीचको शुद्ध सात्वीक प्रेमको पर्व भाई टिका दार्जीलिङ पहाड़ सिलगड़ी तथा डुर्वसमा पर्सी ३ नोभेम्बरको दिन पालन गरिनेछ। भाइ टिकामा दिदी बहिनीहरूले आफ्ना दाज्यू भाईहरूकोदिर्घायुको कामना गर्दै भाई टिका लगाइदिन प्रचलन छ। दिदी बहिनीहरूले यमराज देखि आफ्ना दाज्यू - भाईको रक्षा गर्न ओखर फूटाई पूजा गर्छन्। ओखर फूटाउन अघि लोटामा जल - फूल आदि लिएर दाज्यू भाईको तीन पल्ट प्ररक्षिण गरी ओखरको पूजा गरी लोहरोले ओखर फूटाई मंगल र दिर्घायुको कामना गर्दछन्। भाई टिकाका लागि दिदी बहिनीहरूले आज देखि नै तैयारीहरू षुरू गरेका छन्। आ-आफ्ना दाज्यू भाईका लागि माला उन्ने फूल, लिक आदिको व्वस्थामा दिदी बहिनीको भीड़ पनि बजारम देखियो। नेपाली गोरखा दाज्यू भाईहरू परदेष अथवा फौजमा अथवा नौकरी पेषाका लागि अन्यत्र रहेपछि भाई टिकामा दिदी बहिनीको घर यदि विवाहित छन् भने नत्र आफ्नै घरमा दिदी बहिनीहरूको हातको टिको लागाउन घर आइपुगेका छन्। यो एउटा अटुट र दृढ़ बन्धन दाज्यू भाई दिदी बहिनीहरू बीचको संस्कृति परम्परा हो।

****** ० ******

खरसाङ काली पूजा

खरसाङ व्यवसाय संगठनको तत्वावधानमा खरसाङ बजारमा काली पूजा सम्पन्न भएको छ। द्वितीय वर्षको यस पूजा खरसाङ बजारमा आयोजना गरिएको छ। यस पूजामा खरसाङ बजारका सम्पूर्ण व्यवसायीहरूको सहभागिता रहेको थियो। खरसाङ बजारमा आयोजित उक्त पूजामा हिजो राति गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा विशेष रुपमा उपस्थित हुनु हुन्थ्यो। माँ कालीको आशिर्वादले उक्त पूजा भव्यताका साथ सम्पन्न भएको खरसाङ व्यवसाय संगठनका सचिव राजेन्द्रप्रसाद अग्रवालले बताउनु भएको छ।

****** ० ******

**तीनधारे काली पूजा**

खरसाङ खण्ड अन्तर्गत तीनधारेको शंकर निवासमा काली पूजा भक्तिभावको साथमा पालन गरिएको छ। तीनधारेमा काली पूजा विगत १०४ वर्षदेखि लगातार रूपमा पालन गरिन्दै आईरहेको छ। तीनधारेको शंकर निवासस्थित दिव्य ज्योति संघको आयोजनामा विगत धैरै वर्षदेखि काली पूजाको आयोजना भईरहेको छ भने यसपाली काली पूजा आयोजनाको १०४ वर्ष पुगेको छ।उक्त काली पूजाको अवसरमा तीनधारे महानदी समष्टीको सभासद नवराज छेत्री विशेष रूपमा उपस्थित भएर पूजा अर्चना गरेका थिए भनी जानकारी प्राप्त भएको छ।

**आवश्यक घोषणा**

आकाशवाणी विदेशसेवा विभागद्वारा आज साँझ ७ बजेर ५० मिनटमा १० मिनटको नेपाली प्राइम टाइम बुलेटिन पूनः शुरू गर्न गईरहेको छ। आज देदखिनै आकाशवाणी खरसांगले बिहान ६बजेर २५ मिनट देखि ५ मिनटको प्रादेषि नेपाली बुलेटिन षशुरू गरेको छ। हाम्रा श्रोताहरूले भारत र नेपाल लगायत अन्य देशहरूमा गुगलको प्ले स्टोरबाट AIR APP डाउन लोड गरी www.airnews.gov.in मा लगईन गरि मोबाईल वा डेस्कटप- लेपटपमा live streaming द्वारा सुन्न सक्नेछन्। हाम्रो सामाजिक संजाल Twitter X @airnewskurseong अनि Youtube Channel@ airkurseong अथवा Akashvani News Kurseong मा पनि सबै समाचार बुलेटिनहरू सोझै सुन्न सक्नु हुनेछ। हाम्रो Twitter Youtube Channel subscribe र सपाम गर्न नभूल्नू होला। वर्ष २०२२ को कोरोना कालदेखि प्राइम टाइमको यो बुलेटिन बन्द थियो। नेपालमा सबभन्दा बढ़ी नेपाली भाषामा आकाशवाणीको समाचार सुन्ने यो बुलेटिन थियो। सन् १९७० को दशकदेखि आकाशवाणीले नेपाली भाषामा यो समाचार दिनहूँ प्रसारित गर्दै आएको थियो। अब हाम्रो समाचारलाई भारत अनि नेपाल तथा विश्वका कुनै पनि देशमा बसोबास गर्ने नेपाली भाषीहरूले अब प्रतिदिन साँझ ०७ बजेर ५० मिनटमा देश-विदेशका ताजा समाचारहरू यस प्राइम टाईम बुलेटिन मा सुन्न सक्नेछ। अहिले आकाशवाणीको खरसांगबाट दिनहूँ ४ वटा नेपाली बुलेटिन क्रमशः बिहान ०७ बजेर २५ मिनटमा दिउँसो ०२ बजेर ४० मिनटमा फेरी ०३ बजेर ४५ मिनटमा दस-दस मिनट अवधिको बुलेटिनहरू प्रसारित गर्दै आईरहेको छ। अब दस मिनटको एउटा अर्को बुलेटिन प्राइम टाइम ०७ बजेर ५० मिनटमा थपिन्दैछ।

यस उपरान्त बिहान ६ र १० बजे अनि अपरान्ह १ बजे र ६ बजे हेडलाईन बुलेटिनहरू २-२ मिनटका लागि प्रसारित गरिन्दैछ। पूर्वोतर भारतमा पनि बढ़ी संख्यमा नेपाली भाषीहरू रहेकोले प्रतिदिन दिउँसो ३ बजेर १५ मिनटमा पूर्वोतर डायरी समाचार पाँच मिनट अवधिको प्रसारित गरिन्दैछ। आकाशवाणीले समय अनुकूल आफ्नो सेवाहरूको डिजिटली करण तेज गतिमा गरिरहेको छ। यसै क्रममा हाम्रा श्रोताहरूले कुनै पनि बेला कुनै पनि स्थानमा बसेर हाम्रा ताजा र सठीक समाचारहरू सुन्न सक्नु हुनेछ।

****** ० ******

**नेपालको चियापत्ती**

दार्जीलिङ चिया संगठनले दार्जीलिङ र डुर्वसको चियाहरूको परीक्षण पछि मात्र जीटिए टैग लगाईन्छ। तर नेपालबाट आयात हुने चियाको परीक्षण पनि हुन्दैन र त्यसमा यस्ता टैग पनि हुन्दैन जो अनुचित र अन्यायपूर्ण हो भनी दार्जीलिङ चिया संगठनका प्रमुख सल्लाहकार सन्दीप मुखर्जीले बताएका छन्। केन्द्र सरकरको खाध्य सुरक्षा तथा मानक प्राधिकरण एफ.एस.एस.ए.आई को नियम अनुसार बजारमा बिक्रीका लागि आउन अघि चिया पत्तीको मानकको जाँच हुनुपछ। तथा मानक अनुसार एफ.एस.एस.ए.आई को टैग हुनपर्छ अथवा जी.आई टैग हुनुपर्छ। तर नेपालको चियापति भारत आउँदा न त त्यसको मानक जाँच हुन्छ न त त्यसमा जी.आई टैग नै हुन्छ जसले दार्जीलिङको चिया उध्योगलाई प्रभावित गरिरहेको मुखर्जीले बताए। उनले यो पनि भने दार्जीलिङको तुलनामा नेपालको चिया पति राम्रो हुन्दैन र मिलावट हुने संभावना रहन्छ। यसैले नेपालबाट भारत आउने चिया पतिको पनि मानक जाँच हुनुपर्ने मांग गर्दै केन्द्रिय वाणिज्य मंत्री पीयुष गोयललाई पत्र पठाईएको संगठनले जानकारी गराएको छ।

****** ० ******

**नेपाल गृहमंत्री**

दशैं तिहार र छठ पर्व धार्मिक उत्सवका साथ साथ सामाजिक अनि मानवी उत्सव पनि हो। उक्त कुरा नेपालका गृहमंत्री रमेश लेखकले राजधानी काठमाण्डुमा आयोजित दशैतिहार शुभकामना आदन प्रदान सामारोहलाई संबोधित गर्दै भन्नुभयो। उहाँले थप भन्नुभयो- हाम्रा यी चाड़पर्वको आजको समयमा धेरै प्रषांगिकता छ कारण यसमा सामाजिक सहभागिता संगै मानवता पनि झाल्किन्छ। उहाँले दषैं दीपावली र छठमा परदेशमा रहेका आफन्तहरू आ-आफ्ना मूलघर ,गावँ वा षहरमा फर्किन्छन्। यसले समाज र परिवारलाई बलियो आत्मीयताले बाँधेर राखेको छ। यो चाड़पर्व एकता र सद्भावनाका प्रतिकहरू रहेको पनि उहाँले भन्नुभयो। उहाँले एउटा असल परिवार तथा समाज निमार्णमा परिवार र समाजका सबै सदस्यहरू एक साथ एकत्रित हुन , उत्सव मनाउने तथा मेलमिलाप गर्नु आवश्यक छ।

****** ० ******